# पाणिनी गाउँपालिका
Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: ०८२/०८३
च.नं./Ref. No.: —

## नदीजन्य/खानीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना।

**सूचना प्रकाशन मितिः २०८३/०२/०५**

यस पाणिनी गाउँपालिकाको वडा नं. ३ र ८ को विभिन्न क्षेत्रमा अवैध रुपमा उत्खनन् तथा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य तथा खानीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गर्ने जिल्ला स्तरीय अनुगमन समितिको मिति २०८३/०२/०१ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| लिलाम सूचना नं. | लिलाम क्षेत्र | लिलाम विवरण | परिमाण (घन.फि.) | दर प्रति घन फिट | न्यूनतम कबोल अंक/रकम रु. (मू.अ.कर बाहेक) | लिलाम बिक्री फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| PRM/A/05/ 082/83 | पाणिनी-३ फर्सवा जाने बाटो चोक | गिट्टी वालुवा मिस्कट | ६४५१२ | रु. ७.०५/- | ४,५४,८१०/- | रु.१०००/- | खानीजन्य |
| PRM/A/06/ 082/83 | पाणिनी-८ सिस्नेखोला पुल उत्तरचोक | ढुङ्गा | ६५३३ | रु. ७.०५/- | ४६,०६०/- | रु.१०००/- | नदीजन्य |
| PRM/A/07/ 082/83 | पाणिनी-८ मधुलेख | गिट्टी वालुवा मिस्कट | १०३५२९ | रु. ७.०५/- | ७,२९,८८०/- | रु.१०००/- | खानीजन्य |

**शर्तहरुः**

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन (मिति २०८३/०२/११ गते) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। यसका लागि फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ।

२) न्यूनतम अंक माथि उल्लेख गरिए बमोजिम हुनेछ। उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिवृद्धि कर समावेस गरिएको छैन।

३) कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

४) कार्यालयबाट प्रमाणित नभएको तथा रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Letter No.: ०८२/०८३
च.नं./Ref. No.: —

५) यो सूचना प्रकाशित भएको ८ औं दिन (२०८३/०२/१२ गते) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराइ सक्नुपर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६) लिलाम गर्ने पदार्थ हाल जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सकार गर्नुपर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुने प्रस्तावकले सिलबन्दी पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी मात्र सिलबन्दी प्रकृयमा सहभागी हुनुपर्नेछ । पछी परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको बादविवाद गर्न वा छुटको दावी गर्न पाइने छैन।

७) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) रीत पुगी पेश भएका सिलबन्दी बोलपत्रमध्ये सबैभन्दा बढि रकम कबोल गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत गरिनेछ । साथै स्वीकृत भएको प्रस्तावकले ३ दिनभित्र कबोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिवृद्धि कर वापतको रकम एकमुष्ट रुपमा बुझाइ ढुवानी अनुमति लिइसक्नुपर्नेछ ।

९) ढुवानी अनुमतिको म्याद २०८३ जेठ मसान्तसम्म हुनेछ । निर्धारित समयसिमाभित्र ढुवानी गरी नसकेमा उक्त लिलाम गरिएको बस्तु पुनः कार्यालयले जफत गर्नेछ ।

१०) अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
थप जानकारीको लागि कार्यालयको राजस्व शाखा (सम्पर्क नं. ९८५७०८६५२८)

..............................
शेषकान्त घिमिरे
नि.प्रमुख प्रशासकीय अधिकृत